आज मिति २०७४ श्रावण २ गते, सोमबारका दिन यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा छैठौं बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

| उपस्थिति :- | | | पदाधिकारी | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | - | अध्यक्ष | |
| २. | उप-नगर प्रमुख श्री बसन्ती तामाङ (डंगोल) | - | सदस्य | |
| ३. | १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | - | सदस्य | |
| ४. | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | - | सदस्य | |
| ५. | ३ नं. वडाका वडा अध्यक्ष श्री नानी बाबु बस्नेत | - | सदस्य | |
| ६. | ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खडका | - | सदस्य | |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | - | सदस्य | |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | - | सदस्य | |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | - | सदस्य | |
| १०. | ८ नं. वडाका वडा अध्यक्ष श्री राज कुमार लामा | - | सदस्य | |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | - | सदस्य | |
| १२. | दलित वा अल्पसंख्यक सदस्य श्री रमा पहरी | - | सदस्य | |
| १३. | दलित वा अल्पसंख्यक सदस्य श्री गारी नेवा पोडे | - | सदस्य | |
| १४. | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | - | सदस्य | |
| १५. | महिला सदस्य श्री लक्ष्मी भण्डारी | - | सदस्य | |
| १६. | महिला सदस्य श्री कविता खत्री | - | सदस्य | |
| १७. | महिला सदस्य श्री शारदा आचार्य | - | सदस्य | |
| १८. | महिला सदस्य श्री निर्मला मंग्राती | - | सदस्य | |
| १९. | महिला सदस्य श्री मिना मगर | - | सदस्य | |
| २०. | कार्यकारी अधिकृत श्री सुशीला पौडेल (ढकाल) | - | सदस्य सचिव | |

आमन्त्रित :-

| | | | |
|---|---|---|---|
| २१. | श्री विष्णु बहादुर के.सी. | - | लेखा अधिकृत |
| २२. | श्री मनोज बुढाथोकी | - | सिभिल इन्जिनियर |
| २३. | श्री सुरोज श्रेष्ठ | - | कम्प्युटर अपरेटर |

**प्रस्तावहरु :**

१) अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा ।

२) विविध ।

**निर्णयहरु :**

प्रस्ताव नं. १ माथि छलफल गर्दा राजश्व परामर्श समितिले पेश गरेको देहाय बमोजिमको थप कर लगाउने क्षेत्र र संशोधित राजश्व नगर सभाबाट कार्यपालिकाको बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं २ माथि छलफल गर्दा तपसिलका निर्णयहरु गरियो ।

क) फुटबल खेललाई रू. ५४,७१०।-(अक्षरुपी चवन्न हजार सात सय दस रूपैयाँ मात्र)

ख) वडा सचिव प्रदाप बस्नेतलाई फर्पिङ बसपार्कमा रहेको मंगालको ढकनी निर्माण बापत रू. १०,०००।-(अक्षरुपी दस हजार रूपैयाँ मात्र) भुक्तानी गर्ने निर्णय गरियो ।

ग) ज्येष्ठ नागरिक सम्मान र युवा स्वरोजगार कायक्रमलाई एकिकृत गरी ज्येष्ठ नागरिक बिश्राम तथा मनोरञ्जन स्थल निर्माण गर्ने निर्णय गरियो ।

घ) दक्षिणकाली नगरपालिका वडा नं. ३ को जाली भर्ने काम गरे बापत रू.१८,०००।- (अक्षरुपी अठार हजार रुपैया) र बैगल फाँट सिचाईको लागी पाईप खरिद गर्न रू.९०००।-(अक्षरुपी नौ हजर रुपैया) दिने निर्णय गरियो ।

नगर कार्यपालिकाको लागि आवश्यक समितिहरु क) राजश्व परामर्श समिति, ख) श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति ग) बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन भएकोमा उक्त समितिका पदाधिकारीहरुलाई प्रति बैठक रू. १०००।- (अक्षरुपी एक हजार रूपैयाँ) मात्र भत्ता दिने निर्णय गरियो ।